# विद्यालय तहमा नैतिक शिक्षा (Ethics Education) प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# विद्यालय तहमा नैतिक शिक्षा (Ethics Education) प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

**प्रस्तावना:**

प्रदेश भित्र सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा नैतिक मूल्य मान्यताको विकास गराइ विद्यालय तह देखि संस्कारयुक्त शिक्षण सिकाइमा सहयोग गर्ने उद्देश्यले सञ्चालन हुने **विद्यालय तहमा नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम** सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा (२) बमोजिम यो कार्यविधि बनाएको हो।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "**विद्यालय तहमा नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०८२।०८३ को लागि स्वीकृत "विद्यालय तहमा नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम" सम्झनु पर्दछ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ग) "विद्यालय" भन्नाले बागमती प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशानलय सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ।

मा. कान्छा चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य र शैक्षिक कार्यक्रम

३. **उद्देश्यः** (१) कार्यक्रमको प्रमुख उद्देश्य विद्यालय तहमा नैतिक शिक्षाको प्रवर्द्धन गर्न सहयोग गर्नु हो।

(२) कार्यक्रमका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) विद्यालय तहमा नैतिक शिक्षाको प्रवर्द्धनका लागि शैक्षिक कार्यक्रम निर्धारण गर्नु

(ख) कार्यक्रम सञ्चालनका लगि विद्यालय छनोट र सञ्चालन प्रक्रिया तय गर्नु

(ग) नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पाठ्यक्रम/पाठ्यसामग्रीहरुको विकास गर्नु

(घ) कार्यक्रम सञ्चालनमा संलग्न हुने सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

४. **नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रमः** (१) चालू आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेटको परिधिभित्र रहि कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत प्रधानाध्यापकहरुको लागि अभिमुखीकरण कार्यक्रम र शिक्षकहरुको लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(३)शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलाप मार्फत नैतिक मूल्य मान्यता प्रवर्द्धन गर्न शिक्षकहरुको लागि पाठ्य/स्रोत सामग्रीको विकास गरिनेछ।

(४) विद्यार्थीहरुमा नैतिक मूल्य मान्यता, मानव मूल्य र संस्कारसहितको शिक्षाको आधारभूत ज्ञान, सीप र मूल्य मान्यता हासिल गर्न सहयोग पुग्ने विषयवस्तु छनोट गरि सामग्रीहरुको विकास र प्रवोधिकरण गरिनेछ।

(५) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका स्थानीय तह र विद्यालय तहमा विद्यमान शैक्षिक संरचना र प्रणालीलाई नै परिचालन र उपयोग गरिनेछ। स्थानीय तह र विद्यालयहरुको छनोट गरी तहाँको आवश्यकता पहिचान, प्रोफाइल विकास, तालिम र अनुगमनलगायतका कार्यहरु गर्न स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ ।

(६) अतिरिक्त क्रियाकलाप र विषयगत शिक्षण सिकाइमा नैतिक मूल्य मान्यता र सीपको प्रवर्द्धन साथै नैतिक पूर्वाधार विकास तथा नैतिक परिक्षण हुने व्यवस्था गरिनेछ।

मा. कान्चन चन्द्र बादे
मन्त्री

५. **कार्यक्रम सञ्चालका हुने विद्यालयः** १) यो कार्यक्रम प्रदेश सरकारबाट नमूना विद्यालयको रुपमा विकास गर्न छनोट भई सहयोग गरिरहेका माध्यामिक विद्यालय र आवासीय कार्यक्रमका लागि सहयोग गरिरहेका सामुदायिक माध्यमिक विद्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विगतमा Ethics Education कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुबाट यो कार्यक्रम सञ्चालनका लागि शुरुवात गरिनेछ। कार्यक्रम सञ्चालन पूर्व सम्बन्धित सरोकारवालाहरुलाई अभिमुखीकरण गरिनेछ।

२) यो कार्यक्रम कक्षा ६ देखि ८ सम्म सञ्चालन गरिनेछ।

६. **विषय क्षेत्रः-** (१) नैतिक शिक्षा सम्बन्धी मूल्य मान्यता प्रवर्द्धनका लागि देहाय बमोजिमका विषय क्षेत्र समेटन सकिनेछः-

क) नैतिक र नैतिकता शिक्षा, मूल्य मान्यता र संस्कारयुक्त शिक्षा

ख) विशेष गरेर नैतिक मूल्य मान्यता, नैतिकता र आचारण, सदाचार, अनुशासन, पञ्चशीलका सिद्धान्तहरु, संवाद, समानुभूती र मानवीय मूल्यलगायतका विषयवस्तुहरु समावेश गरी शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी कार्यान्वयन गरिनेछ।

ग) शिक्षण सिकाइमा रुपान्तरकारी विधि

घ) विद्यालय तहको लागि तयार गरिने स्रोत सामग्रीमा सामाजिक र न्यायगत विषय (सामाजिक न्याय र समानता सम्बन्धी), परियति ,ध्यान शिक्षा र पूर्वीय दर्शनका विविध पक्ष एवम् नैतिक शिक्षामा पूर्वीय दर्शनसँग सम्बन्धी विषयवस्तु समावेश गर्ने

ङ) नैतिक मूल्य मान्यता एवम् नैतिकतासँग सम्बन्धित विषयवस्तु शिक्षण सिकाइमा सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षमा जोड दिने

च) अन्य महत्वपूर्ण विषयहरु ।

७. **कार्यक्रम सञ्चालनका लागि सामग्री-** (१) नैतिक शिक्षा कार्यक्रम सञ्चालनक लागि देहायका सामग्रीहरुको विकास गरिनेछः-

क) कार्यक्रमको लागि पाठ्यसामग्री/स्रोतसामग्री

ख) नैतिकता एवम् नैतिक मूल्य मान्यताको प्रवर्द्धनसँग सम्वन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री

ग) अन्य सान्दर्भिक सामग्री ।

८. **कार्यक्रम कार्यान्वियन प्रक्रियाः** कार्यक्रम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछ ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

(१) कार्यक्रम निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय, स्थानीय तह र विद्यालय मार्फत कार्यान्वयन गरिनेछ।

(२) स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारी मार्फत समेत स्थानीय तहको सबै विद्यालयमा सञ्चालन गर्न सकिनेछ।

(३) प्रत्येक विद्यालयको प्रधानाध्यपक र शिक्षकहरुको लागि नैतिक शिक्षा सम्बन्धी विषय क्षेत्रमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

(४) स्रोत सामग्री विकास गरी शिक्षकहरुको लागि प्रवोधिकरण गरिनेछ ।

(५) शिक्षा तालिम केन्द्र धुलिखेलबाट मानव मूल्य र Ethics शिक्षा सम्बन्धी तालिम लिइएका शिक्षहरुको अभिलेखिकरण र परिचालन गरिनेछ ।

(६) नैतिक शिक्षा प्रवर्द्धनसँग सम्वन्धित कार्यक्रमको स्रोत सामग्री विकास गरी निर्देशनालयको वेवसाइटमा राखिने व्यवस्था गरिनेछ ।

(७) कार्यक्रम सञ्चालन हुने विद्यालयहरु मध्ये केही विद्यालयको आधार रेखा (Baseline) र (Endline) सर्भेक्षण गरिनेछ। सो को आधारमा कार्यक्रमलाई सुधार र परिमार्जन गरी सञ्चालन गरिदै लगिने छ।

(८) विद्यालयले अतिरिक्त क्रियाकलाप मार्फत नैतिक मुल्य मान्यता, देशभक्ति र आचारणसँग सम्वन्धित क्रियाकलाप मार्फत व्यवहारिक अभ्यास गराइने तथा सोको परीक्षण समेत हुने व्यवस्था गरिनेछ ।

(९) आधुनिक प्रविधिको प्रयोग गरी नैतिक शिक्षा सम्बन्धी कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।

(१०) कार्यक्रम सञ्चालनका लागि विद्यालयसँग अनूसुची १ बमोजिम सम्झौता गरी अनुदान उपलब्ध गराइनेछ।

## परिच्छेद-३

## संरचनात्मक व्यवस्था

९. **निर्देशक समितिः** नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) | विद्यालय शिक्षा हेर्ने महाशाखा प्रमुख मन्त्रालय | - सदस्य |
| (ग) | निर्देशनालय रहेका जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख | - सदस्य |

मा. कान्चन चन्द्र बादे
मन्त्री

(घ) निर्देशनालय रहेका स्थानीय तहको शिक्षा प्रमुख - सदस्य

(ङ) निर्देशक समितले मननोनयन गरेको शिक्षा विद् - सदस्य

(च) महानिर्देशक, निर्देशनालय – सदस्य सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

**१०. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने

(ख) स्थानीय तह र विद्यालयको छनोटका लागि सहजीकरण गर्ने

(ग) स्थानीय तहसँग समन्वय गर्ने

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने

(ङ) अनुगमन तथा मूल्याङ्न गर्ने ।

२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**११. कार्यक्रम कार्यान्वयन समितिः** १) नैतिक शिक्षा कार्यक्रम कार्यान्वनका लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) महानिर्देशक, निर्देशनालय -अध्यक्ष

(ख) निर्देशक, योजना हेर्ने महाशाखा निर्देशनालय -सदस्य

(ग) महाशाखा प्रमुख, योजना हेर्ने मन्त्रालय -सदस्य

(घ) निर्देशक समितिले मनोनयन गरेको विद्यालयको प्रधानाध्यापक -सदस्य

(ङ) अधिकृत, योजना तथा शिक्षा विकास शाखा, निर्देशनालय – सदस्य सचिव

**१२. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नैतिक शिक्षा सम्बन्धी सामग्रीहरु विकास र प्रवोधिकरणका लागि निर्देनालयलाई सहयोग र सहजीकरण गर्ने

ख) कार्यक्रम सञ्चालन हुने विद्यालयको अनुगमन तथा मूल्याङ्न गर्ने

ग) कार्यक्रमको प्रभावकारीता अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने ।

घ) विकास गरिएका सामग्रीहरुको कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने।

२) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

मा. कान्चन चन्द्र बादे
मन्त्री

## परिच्छेद-४

## सम्बद्ध निकायहरूको भूमिका

**१३. मन्त्रालयको भूमिकाः**(१) कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

(ग) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्वन्धित स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने

(घ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने।

**१४. निर्देशनालयको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) स्रोत सामग्री लगायतका सामग्रीहरुको विकास र प्रवोधिकरण गर्ने

(ख) कार्यक्रमको अभिमुखीकरण गर्ने

(ग) बेसलाइन र इन्डलाइन सर्भेक्षण गर्ने

(घ) अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने

(ङ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने

(च) कार्यक्रमका सिकाई एवम् असल अभ्यासहरू अन्य स्थानीय तहमा आदान प्रदान गर्ने ।

**१५. स्थानीय तहको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

(क) नैतिक शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने सङ्घ संस्थाहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने

(ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक थप विद्यालयका लागि स्रोतको व्यवस्था गर्ने

(ग) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने। कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने ।

(घ) कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू अन्य विद्यालयहरुमा आदान प्रदान गर्ने।

**१६. विद्यालयको भूमिकाः** १) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः

क. शिक्षण सिकाइ मार्फत विद्यालयमा नैतिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने

ख. अतिरिक्त क्रियाकलापहरु मार्फत विद्यार्थीहरुमा नैतिक मूल्य मान्यताको विकास गर्न क्रियाकलापहरु सञ्चालन गर्ने

ग. नैतिक शिक्षा सम्बन्धी प्रवर्द्धन कार्यक्रमलाई कार्यविधि बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

घ. विद्यालयमा विद्यार्थीहरुको Ethics Club गठन गर्ने र एक जना शिक्षकलाई सम्पर्क व्यक्ति तोक्ने

ङ. प्रधानाध्यापक र सम्पर्क शिक्षकलाई अभिमुखिकरण कार्यक्रममा पठाउने।

## परिच्छेद-५
## विविध

**१७. अनुगमन, मूल्याङ्कन र सिकाइः** (१) विद्यालय, स्थानीय तह, निर्देशनालय र मन्त्रालय लगायतका निकायबाट कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन हुनेछ। कार्यक्रम कार्यान्वयनमा संलग्न सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाइ एवम् असल अभ्यास आदान प्रदान गर्ने परिपाटीको व्यवस्था गरिनेछ। कार्यक्रमबाट विद्यार्थीहरुमा भएका सकारात्मक तथा प्रमुख परिवर्तन (Most significant change) हरूको पहिचान गरी थप प्रभावकारी बनाउन आवश्यक साधनहरूको विकास र प्रयोग गरिनेछ।

(२) विद्यालयहरुले वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

**१८. अभिलेख व्यवस्थापन:** नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रममा सहभागी विद्यालय, शिक्षक र विद्यार्थीहरुको अभिलेखीकरणका लागि उपयुक्त प्रणालीको विकास गरी अध्यावधिक गर्ने व्यवस्था निर्देशनालयले गर्नेछ।

**१९. बजेटः** कार्यक्रम सञ्चालनका लागि खर्चका आधार अनुसूची २ बमोजिम हुनेछ।

**२०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नुपर्नेछ ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

२१. कार्यविधि संशोधन तथा परिमार्जन: यस कार्यविधिमा उल्लेख भएका विषयमा आर्थिक दायित्व आवश्यक पर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई र अन्य कुनै बाधा अड्काउ परेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

अनुसूची - १

(दफा ८ को उपदफा १० सँग सम्बन्धित)

सम्झौता पत्र

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ........................ जिल्लाको ........................................ गाउँपालिका/नगरपालिका ............................ विद्यालय (यसपछि द्वितीय पक्ष भनिएको) बिच विद्यालय तहमा नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरु:-

१. सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई अधिकतम रु. ............ अनुदान उपलब्ध गराइनेछ ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ बाँकी ५० प्रतिशतसम्मको रकम कार्य सम्पन्न गरेपछि बिल भरपाई बमोजिम विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा अन्तिम किस्ता रकम निकासा दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४. सम्झौता विपरीत कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै बेला यो सम्झौता रद्द गर्नेछ । सम्झौता रद्द भएमा दिइएको अनुदान रकम सम्बन्धित विद्यालयबाट फिर्ता गर्नु पर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू:-

१) निर्देशनालयबाट नैतिक शिक्षा प्रवर्द्धनसँग विकास भएको स्रोत सामग्री विद्यालयमा कार्यान्वयन गर्ने

२) विद्यालयमा नैतिक र नैतिकता शिक्षा, मूल्य मान्यता र संस्कारयुक्त शिक्षा कार्यान्वयन सम्बन्धी वातावरण तय गर्ने

३) कक्षा एकीन र सञ्चालनका लागि समयतालिका निर्धारण गर्ने

४) विद्यार्थीहरुलाई नैतिक शिक्षा सम्बन्धी परियोजना कार्यक्रम सञ्चालन गर्ने

५) फोकल पर्सन शिक्षक छनोट गरी तालिमको लागि सिफारिस गर्ने,

६) तालिम प्राप्त शिक्षकबाट अन्य सहपाठी शिक्षकहरुलाई नैतिक शिक्षा सम्बन्धी सहजीकरण गर्ने

७) विद्यालयमा प्रयोग हुने शिक्षण सिकाइमा नैतिक र नैतिकता शिक्षा सम्बन्धी विषयवस्तु समावेश गरी शिक्षण सिकाइमा सहजीकरण गर्ने

८) उल्लेखित अनुदान रकम दोस्रो पक्षले निम्न शीर्षकमा खर्च गर्नु पर्नेछ:-

क. Ethics शिक्षा पाठ्यसामग्री व्यवस्थापन

ख. Ethics Club गठन तथा विद्यार्थीहरुको सहभागितामा परियोजना कार्य सञ्चालन

ग. Ethics शिक्षा सम्बन्धी शिक्षण सिकाइ कार्यक्रम सञ्चालन

ख. Ethics तालिम प्राप्त शिक्षक प्रवोधिकरण

घ. कार्यक्रम कार्यान्वयनका लागि समन्वय, सहजीकरण र व्यवस्थापन गर्न

ङ. विद्यालयमा नैतिक/नैतिकता शिक्षा कार्यक्रमबाट प्राप्त उपलब्धि कार्यान्वयन सम्बन्धी कार्य ।

९) सम्वन्धित शीर्षकमा छुट्याइएको रकम सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्नेछ। तोकिएको शीर्षकमा तोकिएको रकम अपुग भई थप गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले नै व्यवस्थापन गर्नुपर्नेछ।

१०) दोस्रो पक्षले .............................. हप्ताभित्र नैतिक शिक्षा कार्य सम्पन्न गरी ................................भित्र विलभरपाई अनिवार्य रुपमा पेस गरिसक्नुपर्ने छ।

११) विद्यालयले सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

१२) प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालयको हुनेछ ।

१३) विद्यालयले यो कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

१४) नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्ने छ ।

१५) खरिद भएका सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वत: विद्यालयको ।

१६) दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नु पर्नेछ:-

- ❖ सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाईको प्रमाणित प्रतिलिपि
- ❖ नैतिक शिक्षा कार्यक्रम कार्यान्वयन भएको माइन्यूटको प्रमाणित प्रतिलिपि
- ❖ सञ्चालन भएका क्रियाकलाप र खरिद गरी दाखिला गरिएका सामानहरूको विवरण
- ❖ कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण क्रियाकलापहरु समावेश गरी शीर्षकगत यथार्थ खर्च भएको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन
- ❖ कार्यक्रम कार्यान्वयन सम्बन्धी तस्वीरहरु
- ❖ समग्र प्रतिवेदन ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## सम्झौता गर्ने व्यक्तिहरू

**प्रथम पक्ष**

शिक्षा विकास निर्देशनालयको तर्फबाटः

१. महानिर्देशकको नामः

हस्ताक्षर.................................

**दोस्रो पक्ष**

विद्यालयको तर्फबाटः

१ प्रधानध्यापकको नामः

हस्ताक्षर..............................

### रोहवर

१. योजना हेर्ने महाशाखा/शाखा प्रमुख

नामः

हस्ताक्षर

१.विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

नाम

हस्ताक्षर

कार्यालयको छापः

सम्झौता सम्पन्न भएको मितिः ................ /...../.....

मा. कान्चन चन्द्र वादे
मन्त्री

## अनुसूची २

### (दफा १९ सँग सम्वन्धित)

### कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने आधारहरू

### नैतिक मूल्य मान्यता प्रवर्द्धन कार्यक्रम

- बैठक भत्ता, कार्याशाला गोष्ठी र अभिमुखीकरणको लागि स्टेशनरी ,खाजा खर्च र प्रशिक्षण लगायतको खर्च प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- पाठ्यसामग्री र स्रोत सामग्रीको विकासः प्रदेश सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठयसामग्री विकास सम्बवन्धी कार्यविधि २०७७ बमोजिम र प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- विद्यालयको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन
- विद्यार्थीहरुको लागि अभिमुखीकरण र अभ्यास
- आधार रेखा(Base line) र अन्तिमरेखा(Endline) सर्भेक्षणका लागि तथ्याङ्क सङ्कलन र अभिलेखिकरण
- अभिमुखीकरण कार्यशाला र तालिम कार्यक्रम सञ्चालन लागत
- निर्देशक, कार्यक्रम कार्यान्वयन र अनुगमन समितिको प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- अनुगमन तथा सुपरीवेक्षणः स्वीकृत नियमानुसार
- प्रतिवेदन विकास र प्रकाशन
- अनुसन्धान
- अन्यः प्रदेश सरकार र नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम हुने
- वस्तु, सेवा र परामर्श खरिद प्रचलित खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रदेश खरिद नियमावली बमोजिम हुने।

मा. कन्चन चन्द्र वादे
मन्त्री